# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, वैशाख २ गते २०५७ साल (अतिरिक्ताङ्क ३ (ख)


## भाग ३

### श्री ५ को सरकार

## संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना

श्री ५ को सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी शाही नेपाल वायुसेवा निगमले चाइना साउथवेष्ट एयरलाइन्ससँग विमान भाडामा लिंदा उठेको अनियमितता बारेमा जाँचबुझ गरी सत्य तथ्य पत्ता लगाई श्री ५ को सरकारसमक्ष प्रतिवेदन पेश गर्न देहायबमोजिमका अध्यक्ष तथा सदस्य भएको एक जाँचबुझ आयोग गठन गरी आयोगको काम, कर्तव्य र अधिकार तथा कार्याविधि देहाय बमोजिम तोकेको छ ।

(क) आयोगको गठनः आयोगमा देहायबमोजिमका अध्यक्ष तथा सदस्य रहनेछन्ः–

(क) श्री भोजराज पोखरेल,
का. जि. का. म. न. पा. वडा नं. ३३, घट्टेकुलो —अध्यक्ष

(ख) श्री जगदिश गौतम,
का. जि. का. म. न. पा. वडा नं. ६, बत्तिसपुतली —सदस्य

(ग) श्री यज्ञमूर्ति बञ्जाडे,
का. जि. का. म. न. पा. वडा नं. १०, बानेश्वर —सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) आयोगको काम, कर्तव्य र अधिकार : आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(१) शाही नेपाल वायुसेवा निगम (यसपछि निगम भनिएको) बाट सबभन्दा पछिल्लो पटक चाइना साउथवेष्ट एयरलाइन्ससंग विमान भाडामा लिंदा तत्काल प्रचलित कानून र श्री ५ को सरकारबाट दिएका निर्देशनको रीत पुऱ्याई भाडामा लिने गरिएको छ, छैन ?

(२) जाँचबुझको सिलसिलामा देखिन आएको अनियमितता तथा भ्रष्टाचारका सम्बन्धमा तत्काल कार्यरत कुन कुन व्यक्तिहरूको कुन किसिमको कार्यबाट निगमलाई हानिनोक्सानी पुग्न गएको छ र त्यस्तो हानिनोक्सानी पुऱ्याउने व्यक्तिहरूलाई के कस्तो कारवाही हुनु पर्ने हो सम्पूर्ण कुराको ठहर गरी प्रतिबेदन पेश गर्ने ।

(ग) आयोगको कार्याविधिः आयोगको कार्याविधि आयोगले कार्यारम्भ गरेको मितिले ४५ दिन हुनेछ ।

आज्ञाले,
वरुणप्रसाद श्रेष्ठ
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।